# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, भदौ ०४ गते, २०८३ साल (सङ्ख्या ०७

## भाग २

### गण्डकी प्रदेश सरकार

### उद्योग तथा पर्यटन मन्त्रालयको सूचना

**गण्डकी प्रदेश घरेलु मदिरा नियमावली, २०८३**

गण्डकी प्रदेश घरेलु मदिरा ऐन, २०८२ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यी नियमहरुको नाम "गण्डकी प्रदेश घरेलु मदिरा नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) “ऐन” भन्नाले गण्डकी प्रदेश घरेलु मदिरा ऐन, २०८२ सम्झनु पर्छ।

(ख) “इजाजतपत्रवाला” भन्नाले घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन, प्याकेजिङ्ग, लेवलिङ्ग तथा बिक्री वितरण गर्न नियम ३ बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्छ।

(ग) “कार्यालय प्रमुख” भन्नाले मन्त्रालय मातहतको उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी विषय हेर्ने जिल्लास्थित कार्यालयको प्रमुखलाई सम्झनु पर्छ।

३. **इजाजतपत्र लिनु पर्ने:** (१) घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन, प्याकेजिङ्ग, लेवलिङ्ग तथा बिक्री वितरण गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले इजाजतपत्र लिनको लागि ऐनको दफा ४ को उपदफा (१) बमोजिमका विवरण तथा कागजात र उद्योगको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा कार्यालय प्रमुख समक्ष निवेदन दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन उपर कार्यालय प्रमुखले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा निवेदकलाई घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन, प्याकेजिङ्ग, लेवलिङ्ग तथा बिक्री वितरण गर्न अनुसूची-२ बमोजिमको ढाँचामा इजाजतपत्र दिनेछ।

(३) उपनियम (२) बमोजिम इजाजतपत्र लिंदा निवेदकले बुझाउनुपर्ने इजाजतपत्र दस्तुर आर्थिक ऐनले तोकेबमोजिम हुनेछ।

४. **इजाजतपत्रको नवीकरण:** इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले अनुसूची-१ बमोजिमको ढाँचामा कार्यालय प्रमुख समक्ष निवेदन दिनु पर्नेछ।

तर कुनै इजाजतपत्रवालाले चाहेमा तीन आर्थिक वर्षका लागि एकै पटक नवीकरण दस्तुर दाखिला गरी नवीकरण गराउन सक्नेछ।

५. **इजाजतपत्रवालाले पालना गर्नु पर्ने सर्तहरु:** इजाजतपत्रवालाले घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन, प्याकेजिङ्ग, लेवलिङ्ग तथा बिक्री वितरण गर्दा ऐन तथा यस नियमावलीमा अन्यत्र लेखिएका व्यवस्थाका अतिरिक्त देहायका सर्तहरुको पालना गर्नु पर्नेछ :-

(क) इजाजतपत्र प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नु पर्ने,

(ख) इजाजतपत्र सबैले देख्ने गरी कारोबार स्थलमा राख्नु पर्ने,

(ग) इजाजतपत्रवालाले खरिद बिक्री गरेको बिल बीजक राख्नुपर्ने,

(घ) प्रत्येक बोतलमा प्रचलित कानून बमोजिमको अन्तःशुल्कको स्टिकर टाँस भएका घरेलु मदिरा मात्र बिक्री गर्नु पर्ने,

(ङ) अठार वर्ष उमेर नपुगेका व्यक्ति र गर्भवती महिलालाई घरेलु मदिरा खरिद बिक्री गर्ने कार्यमा लगाउन नहुने,

(च) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै क्षेत्र वा स्थान विशेषको लागि बेग्लै समय निर्धारण गरेकोमा बाहेक बिहान १०:०० बजेदेखि राती १०:०० बजेसम्म मात्र बिक्री वितरण गर्नु पर्ने,

(छ) विद्यालय, अस्पताल र धार्मिक स्थलको २०० मिटर क्षेत्रभित्र बिक्री वितरण गर्न नहुने,

(ज) प्याकेजिङ्गको आकार र गुणस्तर परिवर्तन गर्नु परेमा वा नयाँ ब्राण्डको घरेलु मदिरा उत्पादन गर्नु परेमा कार्यालयको पूर्व स्वीकृति लिनु पर्ने,

(झ) इजाजतपत्रमा लेखिएका सर्तका अतिरिक्त अन्य प्रचलित कानून बमोजिमका सर्तहरुको पालना गर्नु पर्ने।

६. <u>स्वच्छता तथा गुणस्तर सम्बन्धी व्यवस्थाः</u> इजाजतपत्रवालाले घरेलु मदिराको उत्पादन, बोटलिङ्ग तथा प्याकेजिङ्ग गर्दा ऐनको दफा ११ बमोजिमका व्यवस्थाका अतिरिक्त स्वच्छता तथा गुणस्तर सम्बन्धी देहायका व्यवस्था समेत पालना गर्नु पर्नेछः-

(क) घरेलु मदिराको उत्पादनको प्रत्येक ब्याचको अल्कोहलको मात्रा परिक्षण गर्ने व्यवस्था मिलाउनु पर्ने,

(ख) उत्पादित घरेलु मदिरामा अल्कोहलको मात्रा मन्त्रालयले प्रदेश राजपत्रमा तोकेको सीमाभित्र हुनु पर्ने,

(ग) घरेलु मदिराको पि.एच.(pH) मान, कुल अम्लियपन, यसको स्वाद र गुणस्तर स्थिर रहने गरी सन्तुलित हुनु पर्ने,

(घ) घरेलु मदिरामा प्रयोग गरिएको कच्चा पदार्थ जुन अन्न वा फलफूल हो, त्यसको प्राकृतिक बासना हुनु पर्ने,

(ङ) घरेलु मदिरा सफा, पारदर्शी र बाह्य फोहोर रहित हुनुपर्ने र यसमा रासायनिक रङ वा अतिरिक्त बाह्य रसायनको प्रयोग गर्न नपाइने,

(च) घरेलु मदिरा बनाउन प्रयोग गरिने अन्न र फलफूल राम्रोसँग छानिएको र फोहोर नभएको हुनु पर्ने,

(छ) घरेलु मदिरा बनाउँदा प्रयोग गरिने पानी स्वच्छ र पिउन योग्य हुनु पर्ने,

(ज) गुणस्तर प्रमाणित भएको मर्चा मात्र प्रयोग गर्नु पर्ने,

(झ) घरेलु मदिरामा ब्याक्टेरिया वा फन्जाई जस्ता जिवाणुको मात्रा निर्धारित सिमा बमोजिम हुनु पर्ने,

(ञ) घरेलु मदिरा उत्पादनका लागि फरमेन्टेशन र डिस्टिलेसन गर्दा स्टेनलेस स्टील वा उपयुक्त फूड-ग्रेडका सामग्रीका भाँडाहरू मात्र प्रयोग गर्नु पर्ने,

(ट) घरेलु मदिरा बनाउन प्रयोग गरिने अन्न वा अन्य सामग्रीमा हानिकारक, रासायनिक तत्वहरू वा अखाद्य वस्तुहरु मिसाउन नपाइने,

(ठ) उत्पादित घरेलु मदिराको गुणस्तर र अल्कोहलको मात्रा मान्यता प्राप्त प्रयोगशालाबाट परीक्षण गराउनु पर्ने,

(ड) घरेलु मदिरा उत्पादन गर्ने क्रममा सृजित फोहोरको उचित व्यवस्थापन गर्नु पर्ने।

७. **घरेलु मदिरा उत्पादनः** (१) इजाजतपत्रवालाले पेटेन्ट स्टिल प्लाण्टबाट उत्पादित स्प्रिटको मिश्रण (ब्लेन्डिङ्ग) बाट मात्र घरेलु मदिरा उत्पादन, सङ्कलन वा प्रशोधन गर्नु पर्नेछ।

(२) घरेलु मदिराको उत्पादन गर्दा पेटेन्ट स्टील टयाङ्क वा काठको भाँडा (फर्मेन्टेसन भ्याट) मा राखी फर्मेन्टेशन गर्नु पर्नेछ।

८. **लेवलिङ्ग तथा प्याकेजिङ्गः** (१) घरेलु मदिराको उत्पादन वा प्रशोधन प्रक्रिया समाप्त भएपछि त्यस्तो घरेलु मदिरा राखिएको प्रत्येक बोतलमा ब्याच नम्बर, सिलसिलेबार नम्बर, उत्पादन मिति, उत्पादन गर्ने इजाजतपत्रवालाको नाम, ट्रेडमार्क, मदिराको शक्ति र स्वास्थ्य सम्बन्धी चेतावनी लेखिएको लेवल अङ्कित गरी भण्डारण गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम भण्डारण गर्न पठाउँदा अनुसूची-३ बमोजिमको ढाँचामा ब्याच नियन्त्रण खाता प्रमाणित गरी राख्नु पर्नेछ।

(३) प्याकेजिङ्गका लागि प्लास्टिकबाट बनेको बोटल प्रयोग गर्नु पर्ने भएमा पारदर्शी, अल्कोहलको कडापन सहन गर्न सक्ने, विस्फेनोल-ए (बिपिए) वा स्वास्थ्यका लागि हानिकारक अन्य रसायनरहित फूड-ग्रेडेड हुनु पर्नेछ।

९. **वास सम्बन्धी रेकर्ड राख्ने:** (१) इजाजतपत्रवालाले वास बनाउनको लागि फर्मेन्टेशन गर्दा प्रयोग गरेको कच्चा पदार्थ, पानीको मात्रा समेत उल्लेख गरी सोको विवरण स्पष्ट देखिने गरी लगत राख्नु पर्नेछ।

(२) इजाजतपत्रवालाले डिष्टिलेशन (चुहान) को लागि तयार भएको वास डिष्टिलेशन प्लाण्टमा हाल्नु अगावै डिष्टिल गर्ने वासको परिमाण र भेट नम्बरको लगत राख्नु पर्नेछ।

१०. **घरेलु मदिराको अभिलेख राख्ने:** (१) इजाजतपत्रवालाले घरेलु मदिरा बनाउन प्रयोग गरेको अन्न र फलफूलको अभिलेख राखी त्यसबाट के कति घरेलु मदिरा उत्पादन भयो सोको विवरण भरी कार्यालय प्रमुख वा निजले तोकेको अधिकृतबाट प्रमाणित गराई राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन, प्याकेजिङ्ग, लेवलिङ्ग तथा बिक्री वितरण गर्ने इजातजपत्रवालाले अनुसूची-४ बमोजिमको ढाँचामा अद्यावधिक अभिलेख राख्नु पर्नेछ।

(३) इजाजतपत्रवालाले वासबाट चुहान भएको घरेलु मदिराको परिमाणको विवरण मन्त्रालयले निर्धारण गरेको ढाँचामा तयार गरी राख्नु पर्नेछ।

११. **मूल्य खुलाउनु पर्ने:** घरेलु मदिरा उत्पादन, प्रशोधन वा प्याकेजिङ्ग गर्ने इजाजतपत्रवालाले आफ्नो वितरक, थोक तथा खुद्रा बिक्रेतालाई बिक्री गर्ने मूल्य सार्वजनिक गरी आफूले उत्पादन गरेको वस्तुमा अधिकतम खुद्रा मूल्य अङ्कित गर्नु पर्नेछ।

१२. **घरेलु मदिराको वर्गीकरण:** ऐनको दफा २३ बमोजिम घरेलु मदिराको वर्गीकरण गर्दा त्यसमा प्रयोग भएको कच्चा पदार्थ, बनाउने तरिका र मदिराको कडापन समेतका आधारमा देहाय बमोजिम वर्गीकरण गर्न सकिनेछः-

(क) प्रयोग गरिने कच्चा पदार्थका आधारमा:-

(अ) कोदो, फापर, उवा, जौ, गहुँ र मकै जस्ता अन्नबाट बनाइएको,

(आ) स्याउ, सुन्तला, खुर्पानी, मौवा, अम्बा, लिची, ऐसेलु, चुत्रो, डिम्बर, लगायत अन्य फलफूलबाट बनाईएको,

(इ) जडीबुटी मिसाएर बनाइएको।

(ख) उत्पादन प्रक्रियाका आधारमा:-

(अ) जाँड

(आ) रक्सी

(इ) वाईन

(ग) अल्कोहलको मात्रा तथा कडापनको आधारमा

(अ) **प्रिमियम मदिराः** ४०% भन्दा माथिको कडापन भएको उच्च गुणस्तरको मदिरा,

(आ) **स्टयान्डर्ड मदिराः** १६% देखि ४०% सम्मको कडापन भएको मझौला गुणस्तरको मदिरा,

(इ) **लाइट वा माइल्ड मदिराः** १२% देखि १६% सम्मको सामान्य कडापन भएको मदिरा।

**१३.** <u>**मर्चा उत्पादन तथा बिक्री वितरणको लागि निवेदन दिनु पर्नेः**</u> (१) घरेलु मदिराको लागि आवश्यक पर्ने मर्चा उत्पादन गरी बिक्री वितरण गर्न चाहने व्यक्ति, उद्योग, फर्म वा संस्थाले देहायको विवरण तथा कागजात संलग्न गरी इजाजतपत्र लिनको लागि अनुसूची-५ बमोजिमको ढाँचामा कार्यालय प्रमुख समक्ष निवेदन दिनु पर्नेछ:-

(क) मर्चा उत्पादन गरी बिक्री वितरण गर्न चाहने व्यक्ति, उद्योग, फर्म वा संस्थाको नाम, ठेगाना तथा सम्पर्क नम्बर,

(ख) मर्चा उत्पादन गरी बिक्री वितरण गर्न चाहने उद्योग, फर्म वा संस्थाको हकमा त्यस्तो उद्योग, फर्म वा संस्था दर्ताको प्रमाणपत्र,

(ग) मर्चा उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ र सामग्री सम्बन्धी व्यवस्थाको विवरण,

(घ) मर्चा उत्पादनको लागि कायम गर्नु पर्ने स्वच्छता र मापदण्ड कायम गर्न सक्ने बेहोरा पुष्टी गर्ने कागजात तथा प्रमाण,

(ङ) उत्पादन गरिने मर्चाको नाम वा ब्राण्ड भए सोको विवरण, र

(च) मर्चा उत्पादन गर्ने स्थान।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा मर्चा उत्पादन तथा बिक्रीको लागि इजाजतपत्र दिन मनासिब देखिएमा कार्यालय प्रमुखले आर्थिक ऐन बमोजिमको दस्तुर लिई निवेदकलाई अनुसूची- ६ बमोजिमको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ।

१४. **मर्चा उत्पादन तथा बिक्रीको इजाजतपत्रको अवधि र नवीकरण:** (१) नियम १३ बमोजिम मर्चा उत्पादन तथा बिक्रीको लागि दिइएको इजाजतपत्रको अवधि पाँच वर्षको हुनेछ।

(२) उपनियम (१) बमोजिमको अवधि समाप्त हुनु भन्दा अगावै मर्चा उत्पादन तथा बिक्रीको लागि दिइएको इजाजतपत्र नवीकरण गराउनको लागि कार्यालय प्रमुखसमक्ष निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त भएमा कार्यालय प्रमुखले आर्थिक ऐन बमोजिमको दस्तुर लिई इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ।

१५. **मर्चा उत्पादनको मापदण्ड र गुणस्तर कायम गर्नु पर्ने:** (१) नियम १३ बमोजिम मर्चा उत्पादन तथा बिक्रीको लागि इजाजतत्रपवालाले देहायका मापदण्ड र गुणस्तर कायम गर्नु पर्नेछः-

(क) मर्चा बनाउँदा प्रयोग गरिने जडीबुटी र वनस्पति स्वच्छ र विषादी रहित हुनु पर्ने,

(ख) मर्चाको आधारको रूपमा प्रयोग गरिने पिठो घुन, कीरा नलागेको स्वच्छ र सफा हुनुपर्ने,

(ग) मर्चामा कुनै पनि प्रकारका हानिकारक रासायनिक पदार्थ, कृत्रिम रङ वा नशालु रसायन मिसाउन नहुने,

(घ) मर्चामा फर्मेन्टेशन प्रक्रियाका लागि आवश्यक पर्ने लाभदायक सुक्ष्मजीव पर्याप्त मात्रामा सक्रिय हुनु पर्ने,

(ङ) मर्चामा मानव स्वास्थ्यलाई हानी गर्ने इ-कोलाई, साल्मोनेला वा अन्य हानिकारक ढुसी वा जीवाणु हुन नहुने,

(च) मर्चाको आफ्नै विशिष्ट सुगन्ध हुनुपर्ने र मर्चा सडे-गलेको वा दुर्गन्धित हुन नहुने,

(छ) मर्चालाई ओस नलाग्ने गरी पूर्ण रूपमा सुकाइएको हुनु पर्ने,

(ज) मर्चालाई हावा नछिर्ने र सफा प्याकेट वा भाँडोमा प्याकिङ्ग गरेको हुनु पर्ने,

(झ) प्रत्येक प्याकेटमा उत्पादकको नाम ठेगाना, उत्पादन मिति, प्रयोग गरिसक्नुपर्ने अवधि, तौल, अधिकतम खुद्रा विक्री मूल्य उल्लेख गरेको लेवल लगाउनु पर्ने,

(ञ) मर्चाको नमूना मान्यता प्राप्त प्रयोगशालाबाट परीक्षण गराई गुणस्तर सुनिश्चित भएको हुनु पर्ने।

(२) उपनियम (१) बमोजिम मर्चा उत्पादन तथा बिक्रीको लागि निर्धारित मापदण्ड र गुणस्तर कायम गरेको नपाईएमा कार्यालय प्रमुखले त्यस्तो मर्चा उत्पादनको लागि दिएको इजाजतपत्र रद्द गर्न वा नवीकरण नगर्न सक्नेछ।

१६. **वार्षिक विवरण उपलब्ध गराउनु पर्ने:** घरेलु मदिराको उत्पादकले ऐनको दफा ३६ बमोजिम कार्यालयलाई आर्थिक वर्ष समाप्त भएको मितिले तीस दिनभित्र देहायका विवरण कार्यालयमा उपलब्ध गराउनु पर्नेछः-

(क) वर्षभरिमा उत्पादन, सङ्कलन तथा प्रशोधन गरेको घरेलु मदिराको परिमाण,

(ख) घरेलु मदिराको उत्पादनमा प्रयोग भएको कच्चा पदार्थको विवरण तथा त्यस्तो कच्चा पदार्थ आफैले उत्पादन गरेको वा बजारबाट खरिद गरेको छुट्टिने विवरण,

(ग) घरेलु मदिराको उत्पादन, सङ्कलन तथा प्रशोधनमा प्रयोग भएको जनशक्तिको विवरण,

(घ) उत्पादन, सङ्कलन तथा प्रशोधन गरिएको घरेलु मदिराको बिक्री सम्बन्धी परिमाण र स्टक रहेको परिमाण,

(ङ) मन्त्रालयले निर्धारण गरेको अन्य विवरण।

१७. **अनुसूची हेरफेर गर्न सक्ने:** मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

## अनुसूची-१

(नियम ३ को उपनियम (१) र नियम ४ सँग सम्बन्धित)

**इजाजतपत्र तथा नवीकरणका लागि दिइने निवेदनको ढाँचा**

श्री कार्यालय प्रमुख,

.............।

मैले/हामीले घरेलु मदिराको देहायमा उल्लिखित कार्य गर्नका लागि देहायका कागजात, विवरण र इजाजतपत्र दस्तुर संलग्न राखी इजाजतपत्र पाउन/नवीकरणको लागि यो निवेदन पेश गरेकोछु/गरेकाछौं। उल्लिखित विवरण र तथ्य मैले/ हामीले जानेबुझेसम्म ठीक छन्।

(१) इजाजतपत्रको प्रकारः (आफूले लिनुपर्ने इजाजतपत्रको प्रकारमा √ (ठीक) लगाउनुहोस)

| इजाजतपत्र प्रकार | उत्पादन | सङ्कलन | प्रशोधन | प्याकेजिङ्ग तथा लेवलिङ्ग | बिक्री | अन्य |
|---|---|---|---|---|---|---|
| नयाँ | | | | | | |
| नवीकरण | | | | | | |
| कारोबारको नाम | | | | | | |

(२) व्यक्ति, फर्म वा कम्पनीको नामः

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नेपाली | | | | | | |
| अङ्ग्रेजी | | | | | | |
| व्यक्ति भए निजकोः | पति/पत्नीको नामः | | बाबुको नामः | | बाजे / ससुराको नामः | |

(३) दर्ता विवरणः

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| स्थायी लेखा नम्वर | | | | | | | | |

कार्यालयको नामः

| व्यवसाय दर्ता मिति | कार्यालय र स्थान | दर्ता नं. |
|---|---|---|
| | | |

| कारोबार शुरु भएको मिति | नवीकरण हुनुपर्ने आ.व. |
|---|---|
| २० / / | २० / / |

(४) कार्यालयको ठेगानाः

(क) कार्यालय रहेको ठेगाना:

घर नं.(ब्लक नं.) ............... वडा नं........ ........... टोल....................

स्थानीय तहको नाम ................ जिल्ला .................... टेलिफोन नं. .........
इमेल ...............

(ख) पत्राचार गर्ने ठेगानाः
घर नं.(ब्लक नं.) ..................... वडा नं......... ............... टोल ..........................
स्थानीय तहको नाम.................... जिल्ला .................... टेलिफोन नं. ....................
इमेल ............... पो.व.नं. ....................

(५) कारोबारको मुख्य स्थानः (कार्यालयको ठेगाना भन्दा फरक भएमा मात्र)

(क) कार्यालय रहेको ठेगाना:
घर नं.(ब्लक नं.) ............... वडा नं......... ........... टोल .................
स्थानीय तहको नाम.............. जिल्ला .................... टेलिफोन नं. .........
इमेल ...............

(ख) पत्राचार गर्ने ठेगानाः
घर नं.(ब्लक नं.) ..................... वडा नं......... ............... टोल ..........................
स्थानीय तहको नाम......................... जिल्ला .................... टेलिफोन नं. ....................
इमेल ............... पो.व.नं. ....................

(६) इजाजतपत्र दस्तुर/नवीकरण दस्तुर सम्बन्धी विवरणः-

| क्र.सं. | कारोबारको नाम/इजाजतपत्र प्रकार | दाखिला दस्तुर | जरिबाना | बैङ्क/कार्यालय | भौ.नं. /र.नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

कार्यालयमा दाखिला गरेको भए सोको प.सं.................मिति २० / /
कुनै राजस्व बाँकी छ/छैन ? छ भने ? खुलाउने:

(७) मुख्य व्यक्तिको वा प्रवन्ध निर्देशकको नाम थर ठेगाना: सम्पर्क नम्बर तथा ईमेल सहितको विवरण

(क) नेपालीमा
(ख) अङ्ग्रेजी
(ग) नागरिकता नं वा राष्ट्रिय परिचयपत्र नं

निवेदकको,–
दस्तखतः
फर्म,कम्पनी भएमा छापः नामः
पदः

(८) कार्यालय प्रयोजनको लागिः

<table>
<tr><td colspan="2">................................इजाजतपत्र</td><td>आ.व...........................का<br>लागि स्वीकृत भएको छ।</td></tr>
<tr><td colspan="2">................................इजाजतपत्र</td><td>आ.व..........................का<br>लागि नवीकरण भएको छ।</td></tr>
<tr><td colspan="3">.............इजाजतपत्रका लागि भौ.नं...........र.नं.......... बाट रु..........दस्तुर र रु............. थप दस्तुर (जरिबाना) दाखिला भएको छ।</td></tr>
<tr><td>पेश गर्नेः</td><td>सिफारिस गर्नेः</td><td>सदर गर्नेः</td></tr>
<tr><td colspan="2">मिति</td><td></td></tr>
</table>

**अनुसूची-२**

(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

गण्डकी प्रदेश सरकार

उद्योग तथा पर्यटन मन्त्रालय

**....................... कार्यालय**

**<u>इजाजतपत्र</u>**

| सङ्केत नं. | | | | स्थायी लेखा नं. | | | | | | | | | | इजाजत नं. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | | | | | |

घरेलु मदिरा उत्पादन/सङ्कलन/प्रशोधन/प्याकेजिङ्ग/लेवलिङ्ग/बिक्री गर्न देहायका सर्त पालना गर्ने गरी यो इजाजतपत्र दिइएको छ। गण्डको प्रदेश घरेलु मदिरा ऐन, २०८२ तथा घरेलु मदिरा नियमावली, २०८३ मा उल्लेखित सर्त समेत पालना गर्नु पर्नेछ।

इजाजतपत्र पाउनेको

नामः

ठेगानाः

सञ्चालक वा प्रमुख व्यक्तिको नामः

सञ्चालक वा प्रमुख व्यक्तिको स्थायी ठेगानाः

कारोबारको विवरणः

कारोबारको किसिम

| | | | | |
|---|---|---|---|---|
| उत्पादन | सङ्कलन | प्रशोधन | प्याकेजिङ्ग तथा लेवलिङ्ग | बिक्री |

इजाजतपत्र पाउनेको

दस्तखतः -------------

इजाजतपत्र जारी गर्ने अधिकारीको

दस्तखतः ---------------

नामः -------------------

दर्जाः -----------------

.............................................................

कृपया अन्य जानकारीको लागि पछाडि हेर्नु होला।

<u>इजाजतपत्रवालाले पालना गर्नु पर्ने सर्तहरु</u>

१. इजाजतपत्र प्रत्येक आर्थिक वर्षको असार महिना भित्र नवीकरण गराईसक्नु पर्नेछ।

२. इजाजतपत्र सबैले देख्ने गरी कारोबार स्थलमा राख्नु पर्नेछ।

३. डिपार्टमेण्टल स्टोरले मदिराजन्य पदार्थ बिक्री गर्ने प्रयोजनको लागि अलग्गै बिक्री कक्षको व्यवस्था गर्नु पर्नेछ।

४. विहान १०:०० बजेदेखि राती १०:०० बजेसम्ममात्र मदिरा बिक्री वितरण गर्नु पर्नेछ।

५. अठार वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न पाईने छैन।

६. मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको विजक राख्नु पर्नेछ।

७. इजाजतपत्रवालाले प्रत्येक वोतलमा अन्तःशुल्क स्टिकर टाँसेको मदिरा मात्र बिक्री गर्नु पर्नेछ। अन्तःशुल्क स्टिकर नरहेको सामान खरीद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानून बमोजिम दण्ड जरिबाना हुनेछ।

८. गण्डकी प्रदेश घरेलु मदिरा ऐन, २०८२ र सो अन्तर्गत बनेका नियम तथा निर्देशिकामा उल्लेखित प्रावधानहरुको पालना गर्नु पर्नेछ।

<u>नवीकरण सम्बन्धी विवरण</u>

| नवीकरण गरेको मिति | आर्थिक वर्ष | नवीकरण गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**अनुसूची-३**

(नियम ८ को उपनियम (२) सँग सम्बन्धित)

**ब्याच नियन्त्रण खाता**

इजाजतपत्रवालाको नाम र ठेगाना ...........................................................................
...............................................................

मौसम ...................................................... महिना ..............................

इजाजतपत्र नं:- ................................. स्थायी लेखा नम्बर .....................................

| सि.नं. | ब्राण्डको नाम (नाम, शक्ति र परिमाण) | उत्पादन मिति | ब्याच नं. | सिलसिलेवार नं. | | जम्मा बोतल थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| जम्मा | | | | | | | |

**नोटः १. प्रत्येक ब्राण्डको नाम, यू.पी. शक्ति र एम. एल. खुल्ने गरी क्रमशः उल्लेख गर्नु पर्ने।**

**२. यो खाता प्रत्येक दिनको स्पष्ट देखिने गरी राख्नु पर्ने।**

**अनुसूची-४**

(नियम १० को उपनियम (२) सँग सम्बन्धित)

**ईजातजपत्रवालाले घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन प्याकेजिङ्ग, लेवलिङ्ग तथा बिक्री वितरणको सम्बन्धमा राख्नु पर्ने अभिलेखको ढाँचा**

इजाजतपत्रवालाको नाम र ठेगानाः- . ..............

इजाजतपत्र नं. ..............

स्थायी लेखा नम्बर ..................

अभिलेख राखिएको वर्ष............. मिति ........................ देखि ..................... सम्म

**१. मदिराको दैनिक उत्पादन सम्बन्धी अभिलेख**

| मिति | **मदिरा उत्पादनको लागि प्रयोग गरिएको कच्चा पदार्थ** | | | | **उत्पादन भएको मदिराको** | | | | **अभिलेख राख्ने को सही** |
|---|---|---|---|---|---|---|---|---|---|
| | कच्चा पदार्थ को नाम | परिमाण | प्रयोग भए को परिमाण | वाँकी परिमाण | परिमाण | मदिरा को प्रकार | बिक्रीभए को परिमाण | बाँकी परिमाण | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| **महिनाभरको कुल जम्मा** | | | | | | | | | |

**२. मदिराको सङ्कलन, प्रशोधन सम्बन्धी दैनिक अभिलेख**

| मिति | **सङ्कलन तथा प्रशोधन सम्बन्धी विवरण** | | | | | **सङ्कलन, प्रशोधन गरिएको मदिराको बिक्रीको विवरण** | | **अभिलेख राख्ने को सही** |
|---|---|---|---|---|---|---|---|---|
| | मदिरा उत्पादक को नाम | सङ्कलन गरिए को | प्रशोधन को परिमाण | प्रशोधन बाट तयार | तयार गरिए को | बिक्रीभए को परिमाण | बाँकी परिमाण | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | मदिराको प्रकार र परिमाण | | मदिराको प्रकार | परिमाण | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| **महिनाभरको कुल जम्मा** | | | | | | | | |

**३. मदिराको दैनिक प्याकिङ्गको दैनिक अभिलेख**

| **मिति** | **प्याकिङ्ग सम्बन्धी विवरण** | | | | **प्याकिङ्ग गरिएको मदिराको बिक्रीको** | | **अभिलेख राख्नेको सही** |
|---|---|---|---|---|---|---|---|
| | मदिराको प्रकार | प्याकिङ्गको एकाई बट्टा र प्याकेज | प्याकिङ्गको परिमाण | प्याकेज सिरियल नम्बर | बिक्रीभएको परिमाण | बाँकी परिमाण | |
| | | | | | | | |
| | | | | | | | |
| **महिना भरको कुल जम्मा** | | | | | | | |

**४. मदिराको दैनिक बिक्रीको विवरण दैनिक अभिलेख**

| **मिति** | **बीजक** | | | **जम्मा बिक्री** | | **अभिलेख राख्नेको सही** |
|---|---|---|---|---|---|---|
| | बीजक नम्बर | खरिदकर्ताको नाम | खरिदकर्ताको दर्ता नं. | परिमाण | **मूल्य** | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | **महिनाभरको कुल जम्मा** | | | |

**अनुसूची-५**

(नियम १३ को उपनियम (१) सँग सम्बन्धित)

**मर्चा उत्पादन तथा बिक्रीको लागि इजाजतपत्रको निवेदनको ढाँचा**

श्री कार्यालय प्रमुख

.......................... कार्यालय।

मिति:...................

**विषयः घरेलु मदिराको लागि आवश्यक पर्ने मर्चा उत्पादन गरी बिक्री गर्ने इजाजतपत्र पाउँ।**

मैले/हामीले घरेलु मदिराको लागि आवश्यक पर्ने मर्चा उत्पादन गरी बिक्री गर्न चाहेकोले आवश्यक कागजात, विवरण र इजाजतपत्र दस्तुर संलग्न राखी इजाजतपत्र पाउन/नवीकरणको लागि यो निवेदन पेश गरेकोछु/गरेकाछौं।

(१) निवेदक व्यक्ति व्यक्ति, उद्योग, फर्म वा संस्थाको,-

(क) नाम र ठेगाना ..................... (ख) सम्पर्क नम्बर.............

(ग) ईमेल .......................... (ग) मोबाईल नं .................

(२) उत्पादन गरिने मर्चाको नाम वा ब्राण्ड भए सोको विवरण ................

(३) मर्चा उत्पादन गर्ने स्थान .................

निवेदकको,–

दस्तखतः

उद्योग, फर्म वा संस्था भएमा छापः

नामः

पदः

**संलग्न कागजात**,-

(क) उद्योग, फर्म वा संस्थाको हकमा त्यस्तो उद्योग, फर्म वा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि।

(ख) व्यक्तिको हकमा नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि।

**अनुसूची-६**

(नियम १३ को उपनियम (२) सँग सम्बन्धित)

**<u>मर्चा उत्पादन तथा बिक्रीको लागि दिईने इजाजतपत्र ढाँचा</u>**

गण्डकी प्रदेश सरकार

उद्योग तथा पर्यटन मन्त्रालय

**........................ कार्यालय**

**<u>इजाजतपत्र</u>**

| सङ्केत नं. | स्थायी लेखा नं. | इजाजत नं. |
|---|---|---|
| | | |

घरेलु मदिरा उत्पादनको लागि प्रयोग गरिने मर्चा उत्पादन तथा बिक्रीको लागि गण्डकी प्रदेश घरेलु मदिरा ऐन, २०८२ तथा घरेलु मदिरा नियमावली, २०८३ बमोजिमका सर्त पालना गर्ने गरी यो इजाजतपत्र दिइएको छ।

इजाजतपत्र पाउनेको

| | |
|---|---|
| नामः | |
| ठेगानाः | |
| सञ्चालक वा प्रमुख व्यक्तिको नामः | |
| सञ्चालक वा प्रमुख व्यक्तिको स्थायी ठेगानाः | |
| कारोबारको विवरण | मर्चा उत्पादन तथा बिक्री |

इजाजतपत्र पाउनेको

दस्तखतः -------------

इजाजतपत्र जारी गर्ने अधिकारीको

दस्तखतः ---------------

नामः ------------------

दर्जाः ----------------

<u>नवीकरण सम्बन्धी विवरण</u>

| नवीकरण गरेको मिति | नवीकरण मान्य रहने मिति | नवीकरण गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

आज्ञाले,

रोशन ज्ञवाली

प्रदेश सरकारको सचिव